# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा

प.सं. ०७६/७७
च.नं.

१ नं. प्रदेश नेपाल

**आन्तरिक आय संकलन सम्बन्धी ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**(प्रकाशन मिति २०७६/१०/०१ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ मा व्यवस्था भए अनुसार यस बाह्रदशी गाउँपालिकाको क्षेत्रभित्र रहेको आ.व.२०७६/०७७ को ६ महिनाका लागि पशुबजारको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक संघ/संस्था/फर्म तथा कम्पनीहरु बाट निम्न बमोजिमको रीत पुर्‍याई ठेक्काका लागि सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्काको विवरण | न्युनतम ठेक्का अङ्क (मू.अ.क.बाहेक) | दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| १ | साविक चकचकी पशुबजार<br>साविक राजगढ पशुबजार | २५,००,०००।- | ३,०००।– | |

१. यो बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १४ औं दिन कार्यालय समय भित्र उपर्युक्त दस्तुर तिरी खरिद गर्न सकिनेछ। उक्त फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र फर्म भए फर्म दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी साथ निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ। (फर्म वालालाई मात्र फारम बिक्री गरिनेछ।)

२. बोलपत्रमा आफुले कबोल गरेको अंकको ५% हुने रकम यस गा.पा. को रा.बा. बैंक भद्रपुरको धरौटी खाता नं. २२१०३०४०१८१०७ मा जम्मा गरेको सक्कल भौचर सिलबन्दी बोलपत्र र निवेदन साथ संलग्न राखी पेश गर्नु पर्नेछ। साथै बोलपत्रमा पेश गर्ने खामको बाहिर प्रष्ट बुझिने गरी ठेक्का नम्बर र ठेक्का विवरण उल्लेख गरी सिलबन्दी बोलपत्र भनी बोलपत्रदाताको नाम, थर, ठेगाना र सम्पर्क फोन वा मोबाइल नं. समेत प्रष्ट उल्लेख भएको हुनु पर्नेछ।

३. पेश भएका बोलपत्रहरु दाखिला भएको मितिले १५ औं दिन दिनको १२ बजे भित्रमा दाखिला गर्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे सिलबन्दी बोलपत्र फर्मवाला वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। फर्मवाला वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. रित नपुगी, म्याद नाघी आएका वा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

५. ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकामुष्ट बुझाएमा १०% सम्म छुट दिन सकिने छ। एकामुष्ट ठेक्का अङ्क नबुझाउनेको हकमा ठेक्का अङ्कलाई ३ (तीन) किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ताको रकम ठेक्का अङ्कको ५०% कायम गरिने र अन्य २ (दुई) किस्ता २५/२५ प्रतिशतमा विभाजन गरिनेछ। पहिलो किस्ताको रकम ठेक्का सम्झौता अघि नै यस कार्यालयमा बुझाउनु पर्नेछ। दोस्रो किस्ताको रकम सम्झौता भएको मितिले तीन महिनामा र अन्तिम किस्ताको रकम सम्झौताको मितिले पाँच महिनाभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। एकामुष्ट रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ। किस्ता रकम बैंक मार्फत दाखिला गर्नु पर्नेछ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बाह्रदशी गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। दर्ता हुन आएका बोलपत्र मध्ये स्वीकृत बोलपत्रदातालाई सम्झौता गर्न आउन भनी सूचना दिइने छ। सम्झौता गरी ऐन, नियम बमोजिम पट्टा पुर्जी लिई ठेक्का संचालन गर्नु पर्नेछ।

७. बोलपत्र दाताले बोलपत्र पेश गर्दा मूल्य अभिबृद्धि कर बाहेकको ठेक्का अङ्क उल्लेख गर्नु पर्नेछ। प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ। मूल्य अभिबृद्धि करको हकमा प्रचलित कानून बमोजिम लाग्ने मू.अ.कर रकम किस्ता भूक्तानी सँगै अग्रिम रुपमा बुझाउनु पर्नेछ।

८. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट तोकिएको समयभित्र खरिद तथा दाखिला गर्न सकिने छ।

९. शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयंले गर्नु पर्नेछ। कर असुली गरिने नगदी रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

१०. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्काको अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइने छ। धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन।

११. बाह्रदशी गाउँपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी शुल्क असुल गर्नु पर्नेछ। बिक्रीमा असुल गर्ने रकम गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ।

१२. ठेक्का सम्बन्धि कुनै विवाद उत्पन्न भएमा यस बाह्रदशी गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

२०७६।१०।२१

.............................
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत